**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १३ दिसम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**<u>मुख्य समाचार</u>**

- राष्ट्रले आज 13 दिसंबर 2001 मा संसदमा भएको आतंकवादी हमलाका शहीदहरुलाई श्रद्धांजलि अर्पित गरिरहेको छ। राष्ट्रपति उपराष्ट्रपति, प्रधानमंत्री लगायत केंद्रीय मंत्रीहरुले संसद भवनमा शहीदहरुलाई पुष्पांजलि अर्पित गर्नुभयो।

- पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रियाको क्रममा वंश, माता पिता अथवा आफन्तको नामको आधारमा नयाँ मतदाता पहिचान गर्दा 2002 को मतदाता सूचीमा उल्लेखनीय अनियमितताहरू फेला परेका छन्।

- निर्वाचन आयोगले मतदाता सूचीको पुनरीक्षण प्रक्रियाको निगरानीका लागि विशेष मतदाता सूची पर्यवेक्षक तैनात गरेको छ।

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) अन्तर्गत २६ करोड रुपियाँ लागतका पाँच परियोजनाको उद्घाटन र २५ नयाँ योजनाको शिलान्यास आज गोरुबथानको सोमबारे बजारमा सम्पन्न गरिएको छ।

- पश्चिम बंगालमा साल्ट लेक स्थित युवा भारती क्रीड़ांगनमा प्रसिद्ध फुटबल खेलाडी लियोनेल मैस्सीको कार्यक्रमको क्रममा व्यापक अराजकता र तोडफोड भएपछि आयोजकलाई पक्राउ गरिएको छ।

**<u>संसद आतंकी हमला</u>**

राष्ट्रले आज संसद आतंकी हमलाका शहीदहरूलाई श्रद्धाञ्जली अर्पित गरिरहेको छ। आजकै दिन, 13 दिसंबर 2001 मा, सुरक्षाकर्मीहरूले संसदको रक्षा गर्दै सर्वोच्च बलिदान दिएका थिए।राष्ट्रपति द्रौपदी मुर्मु तथा उपराष्ट्रपति एवं राज्यसभाका सभापति सी पी राधाकृष्णन, प्रधानमंत्री नरेन्द्र मोदी र केंद्रीय मंत्रीहरु पीयूष गोयल, जितेंद्र सिंह, किरेन रिजिजू र अर्जुन राम मेघवालले संसद भवनमा शहीदहरुलाई पुष्पांजलि अर्पित गर्नुभयो। लोकसभामा विपक्षका नेता राहुल गांधी, कांग्रेसकी वरिष्ठ नेता सोनिया गांधी तथा अन्य सांसदहरुले पनि शहीदहरुलाई श्रद्धांजलि दिनु भयो।राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो राष्ट्रले यी नायकहरूको साहस, वीरता र बलिदानलाई नमन गर्दछ जसको कर्तव्यप्रतिको समर्पणले भारतको राष्ट्रिय भावनालाई निरन्तर मार्गदर्शन गरिरहेको छ। राष्ट्रपतिले आतंकवादका सबै रूपहरुसित लड्ने भारतको दृढ संकल्पलाई पनि दोहोऱ्याउनु भयो।प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो देश उनीहरूको सर्वोच्च बलिदानको लागि सदैव कृतज्ञ रहनेछ। गृह मंत्री अमित शाहले भन्नुभयो राष्ट्रले उनीहरुको बलिदानलाई सदैव स्मरण गर्नेछ। संसदमा भएको कायरतापूर्ण आतंकी हमलाको बेला, वीर सुरक्षा बलहरूले एक अटुट सुरक्षा कवच तैयार गरेका थिए।विदेशमन्त्री डा. एस जयशंकरले उनीहरूको अदम्य साहसले आतंकवादका सबै स्वरूपलाई जरैदेखि उखेल्ने राष्ट्रको प्रतिबद्धतालाई बलियो बनाएको बताउनु भयो।सूचना एवं प्रसारण राज्य मंत्री एल. मुरुगनले भन्नुभयो सुरक्षा बलको सर्वोच्च बलिदानले देशको लोकतंत्र र राष्ट्रको संप्रभुताको रक्षा गरेको थियो।

**<u>पश्चिम बंगाल - एसआईआर</u>**

पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रियाको क्रममा वंश, माता पिता अथवा आफन्तको नामको आधारमा नयाँ मतदाता पहिचान गर्दा 2002 को मतदाता सूचीमा उल्लेखनीय अनियमितताहरू फेला परेका छन्। एसआईआर को पहिलो

चरण सम्पन्न भएको छ। निर्वाचन आयोगले पेश गरिएका फारमहरूको निरन्तर जाँच र पुन: जाँच गरिरहेको छ।

**राज्य मुख्य निर्वाचन अधिकारीको कार्यालय अनुसार यस प्रक्रियाको क्रममा यी "तार्किक विसंगतिहरू" पत्ता लागेको बताएको छ। 85 लाख 1 हजार 486 मतदाताहरूको पिताको नाम गलत अथवा बेमेल छ, जुन कुल मतदाताहरूको 11 दशमलव शून्य नौ प्रतिशत हो। 24 लाख 21 हजार 133 मतदाताहरूको लागि दर्ता भएका बालबालिकाहरूको संख्या छ भन्दा अधिक छ। माता पिता र बालबालिकाहरू बीचको उमेरको भिन्नतामा पनि उल्लेखनीय विसंगतिहरू देखिएका छन्। 11 लाख 95 हजार 230 मामिलामा माता अनि पिता बीचको उमेरको भिन्नता 15 वर्षभन्दा कम छ भने 8 लाख 77 हजार 736 मामिलामा 50 वर्षभन्दा अधिकको फरक छ — यी दुवै अवस्था अवास्तविक छन्। यसबाहेक, 3 लाख 29 हजार 152 मामिलामा मतदाता र उनीहरूका बाजे अनि बोजु बीचको उमेरको भिन्नता 40 वर्षभन्दा कम छ, जसले गर्दा पारिवारिक सम्बन्धको बारेमा भ्रम सिर्जना भएको छ। 45 वर्षभन्दा माथि उमेर भए पनि 20 लाख 74 हजार 256 मतदाताहरुलाई "नयाँ मतदाता" को रूपमा चिन्हित गरिएको छ। लिङ्ग तथ्याङ्कमा पनि भिन्नताहरू फेला परेको छ। 13 लाख 46 हजार 918 मतदाताहरुको लिङ्ग जानकारी गलत छ, जसले मतदाता पहिचानको बारेमा भ्रम सिर्जना गरेको छ। यद्यपि यी मतदाता आवेदनहरू डिजिटलाइज गरिएको छ|**

## पश्चिम बंगाल पर्यवेक्षक

पश्चिम बंगालमा चलिरहेको विशेष गहन पुनरीक्षण (SIR) लाई लिएर तैनाथ विशेष रोल पर्यवेक्षकहरूले फिल्ड ड्युटीको क्रममा आफ्नो सुरक्षाको बारेमा चिन्ता व्यक्त गरेका छन्।निर्वाचन आयोग द्वारा नियुक्त यी पर्यवेक्षकहरूले आफ्नो सुरक्षाको लागि केन्द्रीय सशस्त्र पुलिस बलको कभरेज माग गरेका छन्।राज्यका मुख्य चुनाव अधिकारी (सीईओ) कार्यालयका एक वरिष्ठ अधिकारीले आज यो जानकारी दिनु भएको हो।

## निर्वाचन आयोग SIR पर्यवेक्षक

निर्वाचन आयोगले आठ प्रमुख राज्यहरूमा मतदाता सूचिको विशेष गहन पुनरीक्षण (SIR) को निगरानी गर्न विशेष मतदाता सूची पर्यवेक्षकहरू नियुक्त गरेको छ। पर्यवेक्षकहरूलाई पश्चिम बंगाल, तमिलनाडु, उत्तर प्रदेश, गुजरात, केरल, मध्य प्रदेश, छत्तीसगढ र राजस्थानमा तैनात गरिएको छ।आयोगले पर्यवेक्षकहरूले आफ्नो काम सुरु गरिसकेका छन् भनी बताएको छ। फरवरी 2026 मा अन्तिम मतदाता सूचीहरुको प्रकाशनसम्म उनीहरू यी राज्यहरूमा उपस्थित रहनेछन्। संशोधन प्रक्रियाको सुचारू संचालन र पारदर्शी तरिकाले सुनिश्चित गर्न उनीहरू जिम्मेवार हुनेछन्।

## पश्चिम बंगाल मतदाता सूची

पश्चिम बंगाल मतदाता सूची  पुनरीक्षण प्रक्रियामा 58 लाखभन्दा बढी जनगणना फारमहरू प्राप्त भएका छैनन्। यी मतदाताहरूको नाम अस्थायी रूपमा ड्राफ्ट सूचीबाट हटाइनेछ। पश्चिम बंगालमा अहिलेसम्म 92 दशमलव चार एक प्रतिशत मतदाता फारमहरू डिजिटलाइज गरिएको छ। सात करोड 66 लाख 86 हजार 658 मतदाता फारमहरू मध्ये 6 लाख 98 हजार 649 फारमहरू डिजिटलाइज गरिएको छ। हाल, आयोगले 99 दशमलव नौ-नौ प्रतिशत मतदाताको बारेमा जानकारी प्राप्त गरेको छ।

## एसआईआर

एसआईआर अन्तर्गत दार्जीलिंग जिल्लाको ५ वटा विधानसभा क्षेत्रहरूमा फारम र डाटाको डिजिटलीकरण गर्ने काम लगभग पुरा गरिएको जानकारी प्राप्त भएको छ। स्रोतका  अनुसार जिल्लाको पाँच विधानासभा मध्ये दार्जीलिंगमा विधानसभा लगभग ९०% खरसाङमा लगभग ९३% मतिगढा-नक्सलबारीमा  लगभग ९०%,सिलगढीमा लगभग ८७% तथा फा◌ॅसीदेवा

क्षेत्रमा लगभग ९३% कार्य पुरा गरिएको थाहा लागेको छ। यस्तै जिल्लाको विभिन्न विधानसभा क्षेत्रहरुमा केहि प्रतिशत मृत्यु एव स्तान्तरनको भएकोले के कति मानिसहरु SIR मा अयोग्य हुने त्यसबारेमा स्पष्ट नभएको थाहा लागेको छ।

**श्रृंगला**

राज्यसभा सांसद हर्षवर्धन श्रृंगलाले संसदमा बोल्दै दार्जीलिङ पहाडमा अत्याधुनिक खेलकुद सुविधाहरू स्थापना गर्नुपर्ने माग उठाउनु भएको छ। उहाँले पहाडको पहिचानसहितको खेलकुद संस्कृतिले यस क्षेत्रका युवामा रहेको अद्वितीय क्षमता उजागर गर्ने बताउदै दार्जीलिङ, कालेबुङ, खरसाङ र मिरिकमा आधुनिक रंगशाला, मैदान, प्रशिक्षण केन्द्र तथा एकीकृत खेलकुद पूर्वाधारको निर्माण अब अत्यावश्यक भएको बताउनुभयो।

बाइट

**सन्देशखाली एक पक्राउ**

बसिरहाट पुलिसले आज उत्तर २४ परगना जिल्लाको सन्देशखालीमा निलम्बित तृणमूल कांग्रेस नेता शेख शाहजहाँ विरुद्धको आपराधिक मुद्दाका प्रमुख साक्षी भोला घोषका कान्छा छोरा सत्यजीत घोषको मृत्यु भएको वाहन दुर्घटनाको सम्बन्धमा एकजनालाई हिरासतमा लिएको छ। यद्यपि, यस सप्ताहको सुरुमा नजत पुलिस स्टेशनमा भोला घोषले दिएको लिखित उजुरीमा नाम उल्लेख गरिएका आठ जनामध्ये पक्राउ परेका युवक पनि थिए। उजुरीमा भोला घोषले आरोप लगाएका थिए कि यी आठ जनाले सडक दुर्घटनाको योजना बनाएका थिए। सत्यजीत घोषको मृत्यु बुधबार उहाँ पिता भोला घोषसँग शेख शाहजहाँ विरुद्ध जिल्ला अदालतमा बयान दर्ता गर्न जाँदै गर्दा ट्रकले उहाँको वाहनलाई ठक्कर दिँदा भएको थियो। यसैबीच, केन्द्रीय अन्वेषण ब्यूरो (सीबीआई) ले हालै कलकत्ता उच्च न्यायालयमा शेख शाहजहाँ विरुद्ध दायर गरिएका लगभग ३,००० उजुरीहरूको विवरण पेश गरेको छ।

**गोरुबथान जीटीए परियोजना**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) अन्तर्गत २६ करोड रुपियाँ लागतका पाँच परियोजनाको उद्घाटन र २५ नयाँ योजनाको शिलान्यास आज गोरुबथानको सोमबारे बजारमा एक विशेष समारोहबीच सम्पन्न गरिएको छ।

**कार्यक्रमका प्रमुख अतिथि जीटीएका मुख्य कार्यपाल श्री अनित थापाको उपस्थितिमा उद्घाटन र शिलान्यास कार्यक्रम सम्पन्न गरियो। यस अवसरमा जीटीएका वरिष्ठ अधिकारी, कालेबुङ विधानसभा क्षेत्रका विधायक श्री रुदेन सादा लेप्चा, सभासद श्री रतन थापा, अन्य सभासदहरू, जिल्ला प्रशासनका अधिकारी, पञ्चायत समिति सदस्य तथा स्थानीय जनप्रतिनिधिहरूको विशेष उपस्थिति रहेको थियो। उद्घाटन गरिएको ५ वटा योजनामध्ये शेर्पा गाउँ प्राथमिक स्वास्थ्य केन्द्र, एउटा सामाजिक भवन, र दुईवटा सडक निर्माण परियोजना रहेका छन्। यी परियोजनाहरू जम्मा रू ५ करोड ६५ लाखको लागतमा सम्पन्न भएका हुन्। यससँगै २५ नयाँ योजनाको शिलान्यास पनि गरिएको छ, जसमा बहु-तह (multi-level) पार्किङ, नयाँ सामाजिक भवनहरू, र दुई-पम्प अग्निशमन केन्द्र प्रमुख परियोजनाका रूपमा रहेका छन्। जीटीएको मागअनुसार पश्चिम बंगाल सरकारले गत नोभेम्बर २०२५ मा उक्त नयाँ अग्निशमन केन्द्रका लागि प्रशासनिक स्वीकृति प्रदान गरेको थियो, जसको कुल लागत रू ४ करोड ८५ लाख रुपियाँ स्वीकृत गरिएको हो। केन्द्र निर्माणका लागि अप्पर फागुमा जग्गा पहिचान भइसकेको छ।**

**मैस्सी भारत भ्रमण**

पश्चिम बंगालमा साल्ट लेक स्थित युवा भारती क्रीड़ांगनमा प्रसिद्ध फुटबल खेलाडी लियोनेल मैस्सीको कार्यक्रमका आयोजक **सतद्रु दत्ता**लाई पक्राउ गरिएको छ। कार्यक्रमको क्रममा व्यापक अराजकता र तोडफोड भएपछि पक्राउ गरिएको हो। अपर पुलिस महानिदेशक महानिदेशक तथा पुलिस महानिरीक्षक-कानून व्यवस्था जावेद शमीमले घटनाको प्रारम्भिक जांच भइरहेको बताउनु भयो।उहाँले भन्नुभयो अब स्थिति सामान्य छ र दर्शकहरूलाई फिर्ता पठाइँदैछ। टिकटको पैसा फिर्ता गर्न पनि

निर्देश दिइएको छ। यसैबीच, राज्य सरकारले कुप्रबंधनको जांचका लागि अवकाशप्राप्त न्यायाधीश **अशिम कुमार रे** को अध्यक्षतामा एक जांच गठन गरेको छ।यसअघि, राज्यपाल डॉ. सी.वी. आनंद बोसले पश्चिम बंगाल सरकारलाई कार्यक्रमका आयोजक र प्रायोजकहरूलाई तुरुन्तै पक्राउ गर्न निर्देश दिनु भएको थियो।मुख्यमन्त्री ममता बनर्जीले सोशल मीडिया पोस्टमा घटनाप्रति दुःख व्यक्त गर्दै उहाँ गहिरो दुःखी र स्तब्ध भएको बताउनु भएको छ।केन्द्रीय शिक्षा राज्यमन्त्री तथा बीजेपी नेता डा. सुकान्त मजुमदारले राज्य सरकारलाई प्रशासनिक विफलताको आरोप लगाउँदै मुख्यमन्त्रीको राजीनामाको माग गर्नुभएको छ।

**मेस्सी मुर्ती**

अन्तरराष्ट्रिय फुटबल लेजेन्ड लियोनेल मेस्सीले आज आफ्नो विशाल मूर्तिको अनावरण गर्नु भयो। मेस्सीले आफू बसेको होटलमा रहेर भर्चुअल रूपमा मूर्तिको उद्घाटन गर्नु भयो। आफ्नो मूर्ति देखेपछि मेस्सी भावुक र खुशी देखिए। बलिवुड अभिनेता शाहरुख खान पनि आफ्ना छोरा अब्राहम खानसँग विशेष मूर्ति अनावरण कार्यक्रममा उपस्थित हुनु हुन्थ्यो। मेस्सीको उपस्थिति र शाहरुख खानको आगमनले कार्यक्रमलाई अझ् विशेष बनायो। मेस्सीको यो विशाल मूर्तिले विश्वव्यापी रूपमा चर्चा चुलिएको छ। विदेशमा रहेका उहाँका धेरै फ्यान क्लबहरूले मूर्तिको तस्बिरहरू साझा गरेका छन्। प्रख्यात खेल पत्रकार फैब्रिजियो रोमेनोले पनि मूर्तिको तस्बिर साझा गर्दै यसलाई ऐतिहासिक बताउनु भएको छ। आफ्नो प्रतिक्रियामा मेस्सीले यो सम्मानको लागि गहिरो कृतज्ञता व्यक्त गर्नु भयो। मेस्सीले भन्नु भयो यहाँ आउनु उहाँको निम्ति गर्व र खुशीको कुरा हो।

****** ० ******